# विदेश पठाउने नाममा ठगी गर्ने ५ जना पक्राउ

■ सौर्य समाचार

काठमाडौँ । प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाउने भन्दै लाखौँ रकम ठगी गरेको अभियोगमा ५ जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ। पक्राउपर्नेमा ललितपुर धापाखेल बस्ने ४३ वर्षीया विना महर्जन, ४५ वर्षीया विन्दा महर्जन, बागलुङ काठेखोला गाउँपालिका-२ की ४३ वर्षीया कोपिला शर्मा, धनकुटा नगरपालिका-२ का ३१ वर्षीय सन्तोष राई तथा काभ्रे चौँरीदेउरीली नगरपालिका-९ की ४८ वर्षीया कुमारी तामाङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए।

उनले भने, 'पक्राउ परेकामध्ये विना र विन्दाले अमेरिका पठाइदिने भन्दै १० लाख, कोपिलाले बेलायत पठाइदिने भन्दै १३ लाख, सन्तोषले कम्बोडिया पठाइदिने भन्दै ३ लाख ७० हजार तथा कुमारीले पोर्चुगल पठाइदिने भन्दै १३ लाख ६० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको उजुरीको आधारमा पक्राउ गरिएको हो।' पक्राउ परेमा पाँचै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक भट्टले बताए।

# सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णय सर्वसम्मतिले पारित

■ सौर्य समाचार



काठमाडौँ । राष्ट्रियसभाले सरकारबाट सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरेको छ। सभाको सोमबारको बैठकमा राष्ट्रियसभामा विचाराधीन सामाजिक सञ्जाल विधेयक २०८१ फिर्ता भएको छ। सभाका अध्यक्ष नारायण दाहालले उक्त विधेयकमाथि निर्णयार्थ प्रस्तुत गर्दै विधेयक फिर्ता भएको घोषणा गरेका थिए। विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'सामाजिक सञ्जाल विधेयक, २०८१ सम्बन्धी विधायक व्यवस्थापन समितिको प्रतिवेदन' पेस गरेका थिए। सो सभाको २०८२ भदौ १३ मा बसेको बैठकले राष्ट्रियसभाबाट उक्त विधेयक उत्पत्ति गरी दफाबार छलफलका लागि विधायक व्यवस्थापन समितिका पठाएको थियो। समितिमा ३५ जना सांसदले १५५ वटा संशोधन प्रस्ताव दर्ता गरेका थिए। समितिका सभापति दाहालले उक्त विधेयकमाथि सूचना तथा सञ्चार प्रविधिमन्त्री, मन्त्रालयका सचिव र सरोकारवालासँग विभिन्न चरणमा अनौपचारिक छलफल भएको जानकारी गराए। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत २० माघमा उक्त विधेयक फिर्ता माग्ने निर्णय गरी २१ माघको पत्रमार्फत सरकारका तर्फबाट विधेयक फिर्ता माग्ने निर्देशन भएको थियो।

### संसद् विघटनले विधायन प्रक्रिया प्रभावित भयो : मन्त्री सिन्हा

यसैबीच, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले संविधान जारी भएयता संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राख्दै आएको बताएका छन्। राष्ट्रियसभाको सोमबारको बैठकमा सांसद मदनकुमारी साह (गरिमा) को प्रश्नको जबाफ दिँदै मन्त्री सिन्हाले संविधान अनुकूल र संघीय प्रणालीअनुसार कानुन सुधार निरन्तर जारी रहेको सभालाई जानकारी दिए। उनका अनुसार संविधान जारी भएपछिका वर्षहरूमा हालसम्म १४६ वटा छुट्टाछुट्टै ऐन जारी भइसकेका छन्। मौजुदा कानुनलाई संविधान र संघीय शासन प्रणाली अनुकूल बनाउन विभिन्न मितिमा केही नेपाल ऐन संशोधन गर्ने ऐनहरूमार्फत व्यापक सुधार गरिएको उनले सभामा चर्चा गरे। मौलिक हक कार्यान्वयनका लागि संविधान बमोजिम आवश्यक १६ वटा मौलिक हकसम्बन्धी ऐन २०७५ असोज २ मै जारी भइसकेको छ। ती ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली तयार भइसकेको मन्त्री सिन्हाले जानकारी गराए। आवासको अधिकारसम्बन्धी ऐनलगायत अन्य केही ऐन कार्यान्वयनका लागि भने आवश्यक नियमावली अझै सम्बन्धित मन्त्रालयमा मस्यौदा चरणमै रहेको उनको भनाइ छ। विधेयकको वर्तमान अवस्थाबारे जानकारी दिने क्रममा उनले संसद् विघटनका कारण ३० वटा विधेयक निष्क्रिय भएको बताए।

साथै उनले विधायन ऐन, २०८१ जारी भएपछि संघीय संसद्मा पेस गरिने १२१ वटा विधेयकको प्राथमिकता क्रमसहित सूची २०८२ असार ३२ मा पेस गरिएको भए पनि प्रतिनिधिसभा विघटनका कारण धेरै विधेयकको मस्यौदा कार्य अघि बढ्न नसकेको जानकारी दिए। विधायन ऐन, २०८१ अनुसार निर्देशिका, कार्यविधि र नियमावली दर्ताका लागि २ चैतसम्मको समयसीमा तोकिएको छ। तोकिएको अवधिभित्र दर्ता नभएमा ती प्रत्यायोजित विधायन पुनर्लेखन गर्नुपर्ने अवस्था आउन सक्ने भन्दै त्यसका लागि मन्त्रालयले आवश्यक तयारी गरिरहेको मन्त्री सिन्हाले बताए।


कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

विराटनगर, नेपाल

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/१०/२७**

यस मन्त्रालयबाट मिति २०८२/०९/१८ गते www.bolpatra.gov.np/egpII र सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल वमोजिमका निर्माण कार्यका लागि E-bidding मार्फत पेश हुन आएका वोलपत्रहरु मध्ये निम्न उल्लेखित वोलपत्रदाताले पेश गरेको वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही वोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) वमोजिम छनौट गरिएको र सोहि ऐनको दफा २७ को उपदफा (२) तथा ४७ को उपदफा (१) को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | ठेक्का नं. | खरिद कार्यको विवरण | छनौट गरिएको फर्मको नाम र ठेगाना (न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही वोलपत्र) | कबोल गरेको अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | MOPID/KOSHI/ NCB/W-02/082/83 | Construction of Office Building (Technical Unit) of MoPID, Biratnagar, Morang | M/S Saanvi Builders, Budhiganga-05, Morang | NRs. 84,80,098.39 |

प्रदेश सचिव



बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ बिक्रीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/१०/२७ गते

यस बबई गाउँपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका बोलपत्र मध्ये तपशिलमा उल्लेखित भएको बोलपत्र अधितम् मूल्याकंन भई सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र. सं. | ठेक्का नम्बर | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मु.अ. कर बाहेक |
|---|---|---|---|---|
| १. | 18/RBRM/1082-083 | Revenue Collection From River Bed Material of Odale Ghat Site 1, Odale Ghat Site 2 and Kalitara Ghat ward no 7 | Keshav Construction Pvt.Ltd Babai -05 Dang | NRs. 29,46,012.62 |

प्रमुख प्रशासकीय अधिकृत



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८२/१०/२७ गते सौर्य दैनिक)

तपसिलमा उल्लिखित यस बैंकका खातावालाहरुको मृत्यु भएको भनि सम्बन्धित खातावालाको हकवालाले बैंकसमक्ष निवेदन पेश गरी मृतक व्यक्तिको खातामा रहेको रकमका सम्बन्धमा आवश्यक कागजात सहित यस बैंकको शाखा कार्यालयमा निवेदन दिनुभएको हुदाँ, उक्त खातावालाको नाममा रहेको निक्षेपउपर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम उल्लेखित व्यक्ति बाहेक अन्य कोही कसैको हकलाग्ने भएमा त्यस्ता हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सम्बन्धित शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| क्र. सं. | मृतक खातावालको नाम | ठेगाना | खाता नं. | शाखा कार्यालय | मृत्यु भएको मिति | हकदावी गर्नेको नाम (नाता) |
|---|---|---|---|---|---|---|
| ०१. | **सारदा प्रधान**<br>बाजेः नन्द कुमार प्रधान<br>बाबुः श्याम प्रसाद प्रधान | रुपन्देही जिल्ला बुटवल उपमहानगर पालिका, वडा नं ४ | ०१७००१२३६१७००००१ | ट्राफिक चोक | २०७९/०५/१३ | विश्वशान्ति प्रधान पिया (भदैनी) |
| ०२. | **नारायण पिया**<br>बाजेः त्रिभू नारायण पिया<br>बाबुः कोमल नारायण पिया<br>पत्नीः सावित्री पिया | चितवन जिल्ला भरतपुर म. न.पा वडा नं ०१ मिलनरोड | २०७०१९२७९४३००००१ | सहिदचोक | २०७७/०७/१० | सावित्री पिया (पत्नी) |
| ०३. | **सुखलु धोवी**<br>बाजेः निरसु बैठा<br>बाबुः प्यारा धोवी<br>पत्नीः श्रीमीखीया देवी | महोतरी जिल्ला, सुन्दरपुर गा.बि.स.वडा नं २, ( हाल सोनमा गा.पा. वडा नं. ०६, महोतरी) | ३०४०३०२४१२७००००१ | गौशला | २०८२/०९/२५ | श्रीमीखीया देवी (पत्नी) |
| ०४. | **दिलसरी टोमटा**<br>बाजेः खक लाल कवर<br>बाबुः चेत बहादुर कवर<br>पतीः भुपे टोमटा | घोराहि म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं ३ | १५३०१३४०१३४००००१ | हस्पीटल रोड | २०८२/१०/०१ | भुपे टोमटा (पती) |
| ०५. | **शिव प्रसाद पोखरेल**<br>बाजेः खडानन्द पोखरेल<br>बाबुः नरोत्तम पोखरेल<br>पत्नीः प्रेमा कुमारी पोखरेल | काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल म./उप.म.न.पा./न.पा./गा.पा ., वडा नं ३ | १४८००६४०४४८००००१, १४८००७३६०७२००००१ | धुलिखेल | २०८२/०७/२४ | प्रेमा कुमारी पोखरेल (पत्नी) |
| ०६. | **शेख अलि अक्तर**<br>बाजेः शेख एकवाल<br>बाबुः शेख हविव<br>पत्नीः रइसा खातनु | रौतहट जिल्ला, जिंगडवा वेलबिछ्वा गा.वि.स.वडा नं ८, ( हाल परोहा ना.पा. वडा नं. ०१, जिंगडवा) | २६२०३००८१५५००००१ | यमुनामाई | २०८२/०८/१२ | रइसा खातनु (पत्नी) |
| ०७. | **सोना कुमारी देवी**<br>बाजेः सियानन्द साह<br>बाबुः महेन्द्र प्रसाद साह कानु<br>पतीः जयनन्दन साह कानु | रौतहट जिल्ला, राजपुरतुलसी गा.वि.स.वडा नं ३, ( हाल यमुनामाई गा.पा. वडा नं. ०३, राजपुरतुलसी) | २६२०२०५०६५३००००१ | यमुनामाई | २०७९/११/२८ | जयनन्दन साह कानु (पती) |
| ०८. | **अम्वीका देवी गजुरेल**<br>बाजेः मनोरथ पराजुली<br>बाबुः खडानन्द पराजुली<br>पतीः तिलक प्रसाद गजुरेल | काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ३२ | ०२१००६४५४०६००००१ | कोटेश्वर | २०८२/०७/१७ | तिलक प्रसाद गजुरेल (पती) |
| ०९. | **डल्ले दमै**<br>बाजेः भोटे दमै<br>बाबुः जुठे दमै<br>पत्नीः पुतली दमै | धादिङ, साविक नलाङ -८, हाल सिद्धलेक गा.पा, वडा नं १, माननालङ | ०८१००३७६६५९००००१, ०८१००३७६६५९००००२ | सिद्धलेक | २०८२/१०/०२ | पुतली दमै (पत्नी) |
| १०. | **अरुण कुमार गुप्ता**<br>बाजेः दरपिशा<br>बाबुः कृष्ण प्रसाद साह<br>पत्नीः पिंकी कुमारी गुप्ता | सप्तरी जिल्ला,सि.सि गा.वि.स वडा नं ०९ (साविकः कटारी न.पा. वडा नं. ०४, उदयपुर) | २५३०१५८३६५७००००१ | कटारी | २०८२/०७/०४ | पिंकी कुमारी गुप्ता (पत्नी) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि



पर्यटनको नयाँ गन्तव्य

लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर

**बिषय :- बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८२/१०/२६**

यस कार्यालयबाट मिति २०८०/०९/१३ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित तपशिल अनुसार e–GP मार्फत NCB दरभाउपत्रको सूचनामा अन्तिम मिति भित्र रितपूर्बक पर्न आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्बजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित सबैमा जानकारीको लागि ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | बोलपत्र दाता | बोलपत्र दाताको ठेगाना | कामको बिबरण | ठेक्का नं. | कबोल रकम रु. VAT & PS सहित |
|---|---|---|---|---|---|
| 1. | B & P construction | लिम्चुंङबुंङ गा.पा-५, उदयपुर | Bidhyalaya Bhoutik Nirman Anudan(Tamlichha Mahendra Dip Ma Bi,Sirwaani Tamaru Ratmate & Mahakali Aa.Bi Chhatang School Nirman ) | LRM/UDA/ Works/NCB/ 03/2082/083 | ८३,४७,३७७३४ |



**Buddhabhumi Municipality**

**Office of Municipal Executive**

Hanumanchchowk, Buddhi Kapilvastu

**Invitation for Electronic Bids**

**Date of First publication: 10th Feb.2026**

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible bidders for the procurementof following Works. The bidders can visit the PPMO website for the brief description with Public Entity name: Buddhabhumi Municipality Office, Kapilbastu.

| S.N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive/ Exclusive VAT) (NRs.) | Bid Security (NRs.) amount | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Final Date of Bid Submission and time |
|---|---|---|---|---|---|---|---|---|
| i. | 32/BM/BDG/2082/83 | Construction Of ward office building of Buddhabhumi Municipality ward 06 | 19183949.6 ( Inclusive VAT &P.S.) | 480000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha DharautiKhata 0440055997600041 | 3,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 12th M ar,2026 12:00 Pm |

2. Pre-bid meeting shall not be held.
3. Bid opening date 12th Mar 2026 at 13:00,office of Buddhabhumi Municipality Office, Kapilbastu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**



स्थानीय सरकार

**पथरी शनिश्चरे नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

पथरी, मोरङ

कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८२।१०।२७

प्रस्तुत विषयमा यस पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२।०९।१५ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका वोलपत्रहरुको मूल्याङ्कन हुँदा देहाय बमोजिमको वोलपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको वोलपत्रदाताको नाम / ठेगाना | कबोल अङ्क (भ्याट र पि एस सहित) |
|---|---|---|---|---|
| 1 | PSMUN/NCB/ WORKS/ 2082/083-05 | Construction of an Incomplete Infrastructure-Equipped residential Building of Panchayat Secondary School For Specially abled Children | Shreee Luvkush Builders and Consults, Madhyapur Thimi-09 | Rs.31,96,503.03 |

प्रमुख प्रशासकीय अधिकृत